(कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

# घलेम्दी हाईड्रो लिमिटेड

का.म.न.पा. वडा नं. १६, काठमाण्डौ

फोन नं. : फ्याक्स नं. : ०१-५९०२५२०

Email: ghalemdi@gmail.com, Website: www.ghalemdi.com

## दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/०७

आदरणीय शेयरधनी महानुभावहरु,

यस घलेम्दी हाईड्रो लिमिटेडको मिति २०८०/०९/०६ गते बिहान ८:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी एवंम उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ।

**सभा हुने मिति, समय र स्थान :-**

**मिति : २०८० साल पौष २९ गते (तदनुसार १४ जनावरी २०२४) ।**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : सासा ब्याङ्कवेट, नयाँवजार, काठमाण्डौ ।**

**छलफलका विषयहरू**

**प्रस्तावहरु**

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) कम्पनी ऐन २०६३,को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) विविधः

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

## साधारण सभा सम्बन्धी थप जानकारी

१) दशौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८० पौष १८ गते बुधबार (१) एक दिन संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ। मिति २०८० पौष १७ गते मंगलबार सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस संस्थाकको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।

२) शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. (BOID) वा आफ्नो परिचयपत्र स्पष्ट हुने फोटो सहितको कुनै परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ। परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईने छैन।

३) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ।

४) कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८०/०९/२६ गते बिहान ११ बजे भित्र संस्थाको केन्द्रीय कार्यालय, बनस्थली १६, काठमाण्डौंमा दर्ता गराई सक्नुपर्नेछ। संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन।

५) प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन पाउनुहुनेछ।

७) नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ।

८) वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस संस्थाको केन्द्रीय कार्यालय बनस्थली १६, काठमाण्डौंको टेलिफोन नं.०१-५९०२५२० मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा संस्थाको वेव साइट www.ghalemdi.com बाट हेर्नुहुन अनुरोध छ।